भीमेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
**बागमती प्रदेश, नेपाल**

# सातदोबाटो सपिङ कम्प्लेक्सको सार्वजनिक-निजि साझेदारीमा विकास, सञ्चालन र हस्तान्तरणका लागि

शिलबन्दी प्रस्तावपत्र फाराम

**ठेक्काको नाम / Project Name: Satdobato Shopping Complexko Sarbajanik - Niji Sajhedarima Bikas, Sanchalan Ra Hastantaran Samabandhi Aayojana**

**ठेक्का नं./ IFP No : BMP/NCB/GOODS-RENT/2080-081/E/01**

**आ.व.2080/2081**

# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चरिकोट दोलखा**

**बागमती प्रदेश,**

**नेपाल ।**

**सातदोबाटो सपिङ कम्प्लेक्सको सार्वजनिक निजि साझेदारीमा विकास, सञ्चालन र हस्तान्तरण सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८१/०२/०७**

**E-Bidding Only (ई – बिडिङ मात्र)**

१. यस नगरपालिकाको सातदोबाटो सपिङ कम्प्लेक्सको सार्वजनिक निजि साझेदारीमा विकास, सञ्चालन र हस्तान्तरण गर्न इच्छुक फर्म/कम्पनीले देहायबमोजिमको सर्तहरूको अधिनमा रहेर रितपूर्वकको प्रस्तावपत्र E–biding (www.bolpatra.gov.np/egp) को माध्यामबाट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

२. प्रस्तावपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समयभित्र फर्म/कम्पनी दर्ता र नवीकरणको प्रमाण पत्रको छायाप्रति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको छायाप्रति, आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाण पत्रको छायाप्रति र तोकिएको प्रस्तावपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) बापतको रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट शाखामा रहेको खाता नं. १३००३००००१००१००००३ मा जम्मा गरी सोको भौचर प्रस्तावपत्र फारामको साथ संलग्न गर्नुपर्ने छ ।

३. प्रस्तावपत्र फाराम साथ प्रस्तावपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरिकोट शाखामा रहेको खाता न १३००३०००००३००००००००३ मा जम्मा गरी सोको भौचर वा मान्यता प्राप्त वाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा जारी गरिएको तोकिएको प्रस्तावपत्र जमानत प्रस्तावपत्र फाराम साथ पेस गर्नुपर्ने छ ।

४. दर्ता हुन आएका प्रस्तावपत्रहरू यस कार्यालयमा प्रस्तावपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि प्रस्तावपत्र खोल्न वाधा पर्ने छैन ।

५. Bill of Quantities (BoQ) मा कवोल गरेको रकमलाई मात्र मुल्यांकन प्रक्रियामा समावेस गरिनेछ ।

**६. रितपूर्वक पेस भएका प्रस्तावपत्रहरु मध्ये उच्च रकम कबोल गर्ने प्रस्तावपत्र स्वीकृत गरिने छ ।**

७. प्राप्त प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका प्रस्तावपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. प्रस्तावपत्र सम्वन्धी अन्य सर्तहरू प्रस्तावपत्र फाराममा उल्लेख गरेबमोजिम हुने छन् ।

९. अन्य विषय भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७ र सार्वजनिक निजी साझेदारी नियमावली, २०७७ साथै सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनबमोजिम हुने छ ।

१०. विस्तृत जानकारीका लागि भीमेश्वर नगरपालिकामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

## प्रस्तावपत्र सम्बन्धी विवरणः

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम भाडादर मासिक रु. | प्रस्तावपत्र दस्तुर रु. | प्रस्तावपत्र जमानत रकम रु. | प्रस्तावपत्र दर्ता गर्ने मिति र समय | प्रस्तावपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BMP/NCB/GOODS-RENT/2080-081/E/01 | Satdobato Shopping Complexko Sarbajanik - Niji Sajhedarima Bikas, Sanchalan Ra Hastantaran Samabandhi Aayojana | ९,१०,७८५/२१ | १०,०००/- | २१,८६,०००/- | मिति २०८१/०३/०५ गते १२ वजे भित्र | मिति २०८१/०३/०५ गते १ वजे |

# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा,

बागमती प्रदेश, नेपाल ।

## सातदोबाटो सपिङ कम्प्लेक्सको सार्वजनिक निजी साझेदारीमा विकास, सञ्चालन र हस्तान्तरण आयोजना

### प्रस्ताव आह्वान पत्र २०८१

सूचना प्रकाशन मिति : २०८१/०२/०७

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३



**प्रस्तावना :**

भीमेश्वर नगरपालिका, वडा नं. ३, चरिकोट बजारस्थित सातदोबाटो चोकमा निर्माण सम्पन्न 'सातदोबाटो सपिङ कम्प्लेक्स' को सार्वजनिक निजी साझेदारी विधिबाट विकास, सञ्चालन र हस्तान्तरणका लागि प्रतिस्पर्धात्मक माध्यमबाट फर्म वा कम्पनीलाई निजी साझेदारको रूपमा प्रस्ताव छनौट गर्न भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७ र सार्वजनिक निजी साझेदारी नियमावली, २०७७ र अन्य सम्बद्ध प्रचलित कानुनबमोजिम भीमेश्वर नगर कार्यपालिकाको मिति २०८१/०२/१५को निर्णयानुसार यो प्रस्तावपत्र आह्वान गरिएको छ ।

यो प्रस्तावपत्रद्वारा 'सातदोबाटो सपिङ कम्प्लेक्स' को सार्वजनिक निजी साझेदारी विधि अन्तर्गत दिगो व्यवस्थापन गर्ने निजी साझेदारको अपेक्षा गरिएको छ । जसमा भवन उपयोगमा विशेषाधिकार प्राप्तकर्ताले भीमेश्वर नगरपालिकासँग आम्दानीमा भागीदार हुने गरी नगरपालिकाले उपलब्ध गराएको आठ तले भवन विकास, सञ्चालन र हस्तान्तरणको जिम्मेवारी लिनुपर्ने छ । यो प्रस्तावपत्र आह्वानको जवाफमा प्राप्त हुने प्रस्तावहरूमध्ये भीमेश्वर नगरपालिकाले सर्वोत्कृष्ट वित्तीय प्रस्तावको आधारमा २० वर्षको करार अवधि तय गरी प्रस्तावक फर्म वा कम्पनीहरूलाई निजी साझेदारका रूपमा कार्य अगाडि बढाइने छ ।

इच्छुक प्रस्तावकलाई प्रस्तावपत्र पेस गर्नु अगाडि प्रस्तावपत्र सम्बन्धी कागजात ध्यानपूर्वक अध्ययन गर्न सल्लाह दिइन्छ । प्रस्तावपत्र पेस भएमा प्रस्तावपत्र सम्बन्धी कागजात विचारपूर्वक अध्ययन गरिएको, जाँचबुझ गरिएको र यो कागजातमा उल्लेख भएका सबै सर्तहरू र प्रावधानहरूको पूर्ण जानकारी रहेको र सोको सर्तहरू पालना गरी आवश्यक कार्य अगाडि बढाउन सहमत रहेको भन्ने मानिने छ ।

१. **आवेदकले ध्यानमा राख्नुपर्ने विषयहरू :** प्रस्तावकले प्रस्तावपत्र पेस गर्दा निम्नलिखित विषयहरूमा ध्यान दिनुपर्ने छ ।

क. यो प्रस्तावपत्रमा समावेश भएका सूचना वा प्रस्तावहरूलाई भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ र सोको सट्टामा अधिकार प्राप्त अन्य कुनै पदाधिकारी वा कर्मचारीले प्रस्तावकलाई मौखिक वा दस्तावेजको रूपमा वा अन्य जुनसुकै स्वरूपमा दिएको कुनै सूचना/जानकारी गोप्य मानिने छ । त्यस्तो सूचना अन्य कुनै उद्देश्यका लागि पुनर्उत्पादन/सम्प्रेषण/अङ्गिकार/सार्वजनिक गर्न पाइने छैन ।

ख. यो प्रस्तावपत्र सार्वजनिक निजी साझेदारी विधिमा 'सातदोबाटो सपिङ कम्प्लेक्स' को विकास, सञ्चालन, मर्मतसम्भार र हस्तान्तरण आयोजनाको कार्यान्यवनमा विशेषाधिकार प्राप्तकर्ताको रूपमा निजी पक्ष छनौटका लागि हो । यो प्रस्तावपत्र प्रस्ताव पेस गर्न इच्छुक फर्म वा कम्पनीका लागि आवश्यक पर्ने वा उपयोगी हुने विवरणहरू उपलब्ध गराउने र आयोजनाको बजारीकरण गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट इच्छुक पक्षहरूलाई प्रस्तावपत्र पेस गर्न उपयोगी हुने विवरण/सूचना उपलब्ध हुने छ । यसमा उल्लिखित विवरणहरू आयोजना अनुगमन, मूल्याङ्कन र प्राप्त तथ्याङ्कहरूको विश्लेषणमा आधारित छन् । यस्ता विवरणले प्रत्येक प्रस्तावकर्तालाई आवश्यक पर्ने सबै सूचना उपलब्ध गराएको मानिने छैन । यसर्थ हरेक प्रस्तावकले प्रस्ताव पेस गर्नुअघि आफ्नो तर्फबाट आयोजनाको स्थलगत अवलोकन गरी प्रस्तावपत्रमा उल्लेख भएका विवरण/सूचनाहरू अध्ययन, विश्लेषण तथा जाँचबुझ गरी आवश्यक परेमा थप विवरणहरू सङ्कलन तथा विश्लेषण गर्न एवम् उपयुक्त स्रोत र सम्बन्धित विज्ञहरूबाट स्वतन्त्र राय/सल्लाह लिनका लागि पनि सुझाव दिइन्छ ।

ग. यस प्रस्तावपत्रमा उल्लेख भएको कुनै कुराले कुनै व्यक्ति वा संस्था वा आवेदकलाई कुनै हानि, क्षति भएमा भीमेश्वर नगरपालिकाको पदाधिकारी/कर्मचारी उत्तरदायी हुने छैनन् ।

प्रमुख प्रशासकीय अधिकृत

घ. यो प्रस्तावपत्रमा उल्लेख भएको कुनै सूचना, उद्देश्य, मूल्याङ्कन वा अनुमान अद्यावधिक, संशोधन वा परिपूरण गर्ने पूर्ण अधिकार कुनै पनि दायित्व बहन गर्नु नपर्ने गरी भीमेश्वर नगरपालिकामा निहित रहने छ । उल्लिखित भवन निर्माणका लागि नगरपालिकाले नगर विकास कोषबाट ऋण लिएको र सो ऋणको किस्ता (सावा र व्याज) आवधिक रूपमा नगर विकास कोषलाई बुझाउनुपर्ने भएकोले नगरपालिकाले भाडा/रोयल्टीबापत प्राप्त हुने रकम र बुझाउनुपर्ने किस्ताबिचको तुलनात्मक विश्लेषण गर्नुपर्ने हुन्छ । नगरपालिकाले नगर विकास कोषलाई बुझाउनुपर्ने किस्ता पुग्ने गरी कम्प्लेक्सको भाडा/रोयल्टी प्राप्त गर्नुपर्ने बाध्यता रहेको छ । यसर्थ प्रस्तावपत्र जारी गर्दैमा कुनै एउटा प्रस्तावकलाई आयोजनाका लागि छनौट गर्न भीमेश्वर नगरपालिका बाध्य हुने छैन । पेस भएका कुनै वा सबै प्रस्तावपत्रहरू इन्कार गर्ने र जुनसुकै समयमा यो प्रक्रिया रद्द गर्ने अधिकार भीमेश्वर नगरपालिकामा निहित रहने छ ।

ङ. प्रस्तावकलाई यो प्रक्रियामा सहभागी हुन लाग्ने सबै खर्च यस सम्बन्धी नतिजा जे हुने भए तापनि प्रस्तावक आफैले बहन गर्नुपर्दछ ।

च. यो आयोजना सातदोबाटो चोकमा बनेको दुईटा भवनहरूमध्ये दोस्रो भवन हो । यस भवनसँगै दक्षिण-पश्तिमतर्फ नगरपालिको स्वामित्वमा रहेको सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन सार्वजनिक निजी साझेदारीमा सञ्चालन भइरहेको छ । यसरी सञ्चालनमा रहेको भवनबाट यस आयोजनालाई पर्नसक्ने प्रभाव सम्बन्धमा समेत आवेदकले आवश्यक विश्लेषण गर्नुपर्ने छ । यस विषयलाई समेत ध्यान दिई वित्तीय प्रस्ताव पेस गर्न सुझाब दिइएको छ ।

## २. आयोजनाको परिचय :

भीमेश्वर नगरपालिका, वडा नं. ३, चरिकोट बजारस्थित सातदोबाटो चोकमा भीमेश्वर नगरपालिकाको स्वामित्वमा रहेको 'सातदोबाटो सपिङ कम्प्लेक्स' को सार्वजनिक निजी साझेदारी विधिबाट व्यवस्थापन गर्न यो आयोजना तयार पारिएको छ । आयोजनाका लागि आठ तले आर.सी.सी. स्ट्रक्चरको जम्मा फ्लोर क्षेत्रफल ३४,७४९.६४ वर्गफिट भएको भवन रहेको छ । भवनमा विभिन्न साइजका ४७ ओटा सटर र एक ओटा सिनेमा हल रहेको छ । कम्प्लेक्सको तीन ओटा तलाका लागि स्कालेटर जडान गरिएको छ। भवनको स्थलगत नक्शा लगायत कार्यसम्पन्नको अवस्था सम्बन्धी विवरण इच्छुक फर्म वा कम्पनीलाई कार्यालयबाट उपलब्ध गराइने छ ।

यो आयोजनाको माध्यमद्वारा मध्यम तथा उच्च खुद्रा सेवाको लागि भौतिक पूर्वाधारको आवश्यकता परिपूर्ति गर्न सकिने छ । भवनमा व्यावसायिक थोक/खुद्रा सेवासहित सरकारी तथा कर्पोरेट कार्यालय, होटल तथा रेष्टुरेण्ट आदि रहन सक्नेछन् । भवनको छैठौं र सातौं तलाहरूमा करिब ७२५९.१४ वर्गफिट सिनेमा हल रहेको छ । आयोजनाको सञ्चालनबाट एकै स्थलमा विभिन्न व्यावसायिक सेवा प्रदान गर्न सकिने छ ।

यस अन्तर्गत स्वीकृत निजी साझेदारले आयोजनाको विकास, करार अवधिभर आयोजनाको वित्तीय व्यवस्थापन र आयोजना सञ्चालन गर्नुपर्ने छ । साथै आयोजना करार अवधिभर वित्तीय प्रस्तावबमोजिमको राजस्व/रोयल्टी मासिक रूपमा तोकिएको अवधिभित्र नगरपालिकालाई सम्झौताबमोजिमको किस्तामा बुझाउनुपर्ने छ । आयोजना सञ्चालनमा बिजुली, पानी, सञ्चार, सुरक्षा, सरसफाइ लगायतका प्रशासनिक खर्च निजी साझेदारले व्यहोर्नुपर्ने छ । भवनको आवधिक एवम् आइपर्ने मर्मतसम्भार गर्ने कार्यसमेत निजी साझेदारले नै गर्नुपर्ने छ ।

स्वीकृत निजी साझेदारले करार अवधिपछि निजले निर्माण गरेको संरचनासहित सहिसलामत एवम् सञ्चालन योग्य अवस्थामा रहेको भवन भीमेश्वर नगरपालिकालाई हस्तान्तरण/फिर्ता गर्नुपर्ने छ । हस्तान्तरण/फिर्ता गर्दा नगरपालिकाको कार्यालयबाट अनुगमन गरिने छ । अनुगमनको क्रममा भवनमा मर्मतसम्भार गर्नुपर्ने देखिएमा हस्तान्तरण/फिर्ता अगाडि निजी साझेदारले प्राप्त निर्देशन

प्रमुख प्रशासकीय अधिकृत

अनुसारको मर्मतसम्भार कार्य सम्पन्न गर्नुपर्ने छ । सो अवधिसम्मको आयोजनाको तर्फबाट तिर्नु बुझाउनुपर्ने सम्पूर्ण दायित्व निजी साझोदारले तिर्नु बुझाउनुपर्ने छ ।

३. **आयोजनाको नाम :** यो आयोजनाको नाम **'सातदोबाटो सपिङ कम्प्लेक्सको सार्वजनिक-निजी साझेदारीमा विकास, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना'** रहेको छ । यसलाई छोटकरीमा **'सपिङ कम्प्लेक्स सञ्चालन आयोजना'** भनिने छ ।

४. **सपिङ कम्प्लेक्स उपयोग क्षेत्र :** सपिङ कम्प्लेक्सलाई प्रचलित कानुनबमोजिमका निम्न क्षेत्रहरूको व्यावसायिक प्रयोजनका लागि उपयोग गर्न सकिने छ ।

क. बहुप्रयोग/बहुउद्देश्यीय व्यावसायिक भवन,

ख. सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी सुविधाहरू,

ग. होटल तथा साना/ मझौला उद्योगका रूपमा सञ्चालन हुने रेष्टुरेण्ट सम्बन्धी सुविधाहरू,

घ. तरकारी, फलफूल तथा अन्य कृषिजन्य व्यापारिक सङ्कलन र बिक्री सम्बन्धी सुविधाहरू,

ङ. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सुविधाहरू,

च. अन्य यस्तै प्रकृतिको प्रचलित कानुनबमोजिमका व्यावसायिक प्रयोजन सम्बन्धी सुविधाहरू,

५. **आयोजनाका लागि थप कार्य :** यस आयोजनाका लागि नगरपालिकाको तर्फबाट सातदोबाटो सपिङ कम्प्लेक्स हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराइने छ । भीमेश्वर नगरपालिकाको स्वीकृति लिएर निजी साझेदारले भवनको सामान्य रूपमा आन्तरिक स्वरूप हेरफेर वा परिवर्तन गर्न सक्नेछ । तर भवनको मूख्य संरचना वा स्ट्रक्चर (पिलर, बिम र ढलान) र बाह्य स्वरूपका स्थायी प्रकृतिका संरचना भने हेरफेर वा परिवर्तन गर्न पाउने छैन । आयोजना सञ्चालनको अनुमति प्राप्तकर्ता वा स्वीकृत निजी साझेदारले यस प्रस्तावमा उल्लिखित व्यवस्थाको अधिनमा रही आयोजनामा तपसिलबमोजिमका थप कार्यहरू गर्नुपर्ने हुनसक्छ । सो कार्यहरूबापतको खर्चहरू नगरपालिकाबाट उपलब्ध गराइने छैन । साथै सोधभर्नासमेत दिइने छैन र राजस्व/रोयल्टीमा कुनै किसिमको छुट पनि दिइने छैन ।

**तपसिलः**

क. आयोजनाको आन्तरिक सजावटको डिजाइन तथा विकास कार्य,
ख. गेट तथा कम्पाउन्ड निर्माण तथा रेलिङ हाल्ने कार्य,

ग. आयोजनाको कार्यान्वयन कार्ययोजना, सञ्चालन र भवनको मर्मतसम्भार कार्य,

घ. आयोजनाका सम्पूर्ण सुविधाको व्यवस्थापन र मर्मत सम्भार कार्य,

ङ. निजी साझेदारले सपिङ् कम्प्लेक्सको छैठौं र सातौं तलामा रहेको सिनेमा हलका लागि निर्माण कार्य,

छ. आयोजना सञ्चालनसँग सम्बन्धित अन्य कार्यहरू ।

६. **निजी साझेदार छनौट प्रक्रियाको संक्षिप्त विवरण :** प्रस्तुत आयोजनाका लागि नगरपालिकाले एक चरणको प्रस्ताव छनौट प्रक्रिया अवलम्बन गरिने छ । प्रस्ताव पेस गर्ने प्रस्तावकर्ताहरूले यस प्रस्तावपत्रमा उल्लेखित सर्तहरू स्वीकारेको मानिने छ र प्रस्तावकर्तामध्ये सबैभन्दा बढी भाडा बापतको रोयल्टी/राजस्व रकम कबोल गर्ने प्रस्तावकर्तालाई विधि र प्रक्रियाअनुरूपम छनौट गरिने छ ।

७. **रोयल्टी/राजस्व सम्बन्धी व्यवस्था :** प्रस्तावकर्ताले भाडाबापतको रोयल्टी/राजस्व कबोल गर्दा प्रत्येक तला वा कोठा/सटरको मासिक दरमा कबोल गर्नुपर्ने छ । न्यूनतम् भाडा दर समग्रमा मासिक रु. ९,१०,७८५/२१ (अक्षरेपि रुपैयाँ नौ लाख दश हजार सात सय पचासी पैसा एक्काईस मात्र) रहेको

छ । स्वीकृत प्रस्तावकले कबोल गरेको भाडा बुझाउँदा अघिल्लो महिनाको भाडा पछिल्लो महिनाको ७ गतेभित्र बुझाउनुपर्ने छ । प्रत्येक वर्ष भाडा वृद्धि हुने छ । भाडा वृद्धि गर्दा सुरुको कबोल भाडालाई आधार भाडा मानि प्रत्येक वर्ष सोही रकमको ५ प्रतिशतले हुन आउने रकम अघिल्लो वर्षको मासिक भाडामा थप गरी पछिल्लो वर्षको मासिक भाडा निर्धारण गरिने छ र भाडा वृद्धि गर्दा प्रत्यक आर्थिक वर्षको साउन १ गतेबाट लागु हुने गरी भाडा वृद्धि गरिने छ। २० वर्षसम्मको मासिक भाडा सम्झौतामा नै उल्लेख गरिने छ ।

८. **प्रस्तावकको योग्यता :** प्रस्तावकहरूको योग्यता परिक्षण देहायआधारमा गरिने छ ।

क. आयोजना कार्यान्वयन गर्न इच्छुक प्रस्तावक फर्म वा कम्पनी एवम् फर्म वा कम्पनीको संयुक्त उपक्रम (संयुक्त उपक्रममा बढीमा तीन ओटासम्म फर्म वा कम्पनी रहन सक्ने) हुनसक्ने छन् । तर कुनै पनि प्रस्तावक एकल रूपमा वा संयुक्त उपक्रममा प्रस्ताव पेस गर्दा अरु प्रस्तावकको सदस्य भने हुन पाउने छैनन् । यस आह्वानपत्रमा प्रयोग गरिएको प्रस्तावक शब्दले सबै एकल रूपमा वा संयुक्त उपक्रमको रूपमा प्रस्ताव पेस गर्ने प्रस्तावकलाई जनाउँदछ ।

ख. प्रस्तावपत्र एवम् प्रस्तावको प्रकृयामा कुनै पनि किसिमको आँच वा खलल पुग्ने गरी प्रस्तावकको प्रचलित कानुनबमोजिम कुनै पनि किसिमको स्वार्थ बाँझिन हुँदैन । कुनै प्रस्तावकले त्यसरी स्वार्थ बाँझिएको पाइएमा उक्त प्रस्तावकको प्रस्ताव स्वत: खारेज गरिने छ/खारेज भएको मानिने छ ।

ग. प्रस्तावकले प्रस्ताव पेस गर्दा e-GP (www.bolpatra.gov.np) मार्फत मात्र पेस गर्नुपर्ने छ ।

९. **प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू :** प्रस्तावपत्रका साथ निम्नलिखित कागजातहरू संलग्न गर्नुपर्ने छ ।

क. फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको छायाँ प्रति (फर्मको हकमा नवीकरणसमेत),

ख. स्थायी लेखा दर्ता नम्बर/मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको छायाँ प्रति,

ग. आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको छायाँ प्रति,

घ.. प्रस्तावकका लागि उल्लेख गरिएका विषयहरू,

ङ. यदि निवेदक साझेदारी फर्म भएमा साझेदारी कबुलीयत र फर्म जारी गर्ने निकायले उपलब्ध गराएका अन्य कागजातहरू, यदि निवेदक कम्पनी भएमा कम्पनीको प्रबन्धपत्र र नियमावली र यदि निवेदक संयुक्त उपक्रम भएमा फर्म वा कम्पनीका लागि उल्लेखित कागजातहरूको अतिरिक्त संयुक्त उपक्रम सम्झौता,

च. फर्म वा कम्पनी प्रचलित कानुनबमोजिम कालो सूचिमा नपरेको र आवेदकहरूको प्रचलित कानुनबमोजिम स्वार्थ नबाझिएको स्वघोषणापत्र,

छ. प्रस्तावकले प्रस्ताव पेस गर्दा प्रस्ताव पेस गर्नेलाई प्रदान गरिएको अधिकार प्रत्यायोजनपत्र र प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम रहेको भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको नाम स्पष्ट किटान गरी प्रदान गरिएको अधिकार प्रत्यायोजनपत्र,

ज. तोकीएको वा माग गरेको अन्य आवश्यक विवरण/कागजातहरू ।

१०. **प्रस्तावपत्र दस्तुर र अवधि :** प्रस्तावपत्र दस्तुर रुपैयाँ १०,०००/- (अक्षरेपि रुपैयाँ दश हजार मात्र) लाग्ने छ भने प्रस्ताव पत्र पेस गर्ने अवधि यस सम्वन्धी सूचना प्रकाशन भएको मितिले ३०औं दिन दिनको १२:०० बजे भित्रसम्म हुने छ ।

११. **बैङ्क जमानत :** प्रस्तावकर्ताले प्रस्ताव पेस गर्न रु. २१,८६,०००/- (अक्षरेपि रुपैयाँ एक्काईस लाख छयासी हजार मात्र) को सक्कल जमानत प्रस्ताव पत्रसाथ पेस गर्नुपर्ने छ। त्यसैगरी छनौट भएका

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावकले कबोल गरेको मासिक रकमको १२ महिना बराबरको भाडाले हुन आउने रकमको एक वर्ष अवधि भएको कार्यसम्पादन जमानतको रूपमा सम्झौता गर्दा पेस गर्नुपर्ने छ । त्यसपछि प्रत्येक वर्ष म्याद सकिने मितिबाट एक वर्ष थप गरी कार्यसम्पादन जमानत पेस गर्नुपर्ने छ ।

१२. **निजी साझेदारले तेस्रोपक्षसँग सम्झौता र भाडा दर :** निजी साझेदारले भवनको उपयोगसँग सम्बन्धित रहेर तेस्रो पक्षसँग सम्झौता गर्दा नगरपालिकासँग भएको सम्झौताको अन्तिम वर्ष अवधिभन्दा पछिसम्म हुने गरी सम्झौता गर्न पाइने छैन । तेस्रोपक्षसँग भएको सम्झौता पत्र निजी साझेदारले नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ ।

१३. **प्रस्तावपत्रको छनौट :** सम्पूर्ण योग्यताका आधारहरू पूरा गरेका सबैभन्दा बढी रेयल्टी/राजस्व भाडा रकम कबोल गर्ने प्रस्तावकर्तालाइ निजी साझेदारको रूपमा छनौट गरी **'सपिङ् कम्प्लेक्स सञ्चालन आयोजना'** कार्यान्वयनका लागि छनौट गरी सम्झौता गरिने छ । प्रस्ताव मूल्याङ्कन गर्दा Bill of Quantities (BoQ) मा कबोल गरेको रकमलाई मात्र आधार लिइने छ ।

१४. **जोखिम हस्तान्तरण :** आयोजना सञ्चालनको क्रममा भवन र व्यवसायमा आइपर्ने जोखिमहरुबापत निजी साझेदार स्वयंले बीमा गर्नु/गराउनुपर्ने छ । नगरपालिकाले कुनै किसिमको क्षतिबापतको रकम भुक्तानी गर्न वा कुनै पनि छुट वा सहुलियत दिन बाध्य छैन/ दिइने छैन ।

१५. **विविध :**

क. प्रस्तावपत्र छनौट प्रक्रियामा र यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा सो विषयको व्याख्या प्रचलित कानून अनुसार हुने छ । प्रस्ताव छनौट प्रक्रियादेखि आयोजना सम्झौतामा हस्ताक्षर गर्ने चरणसम्ममा कुनै विवाद आईपरेमा त्यस्ता विवादको निरूपण भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम हुने छ ।

ख. इच्छुक प्रस्तावकलाई यस आयोजनाको बारेमा थप जानकारी आवश्यक भएमा भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी एकाइमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

Bhimeshwor Municipality

**Office of the Municipal Executive**

Charikot, Dolakha

**Satdobato Shopping Complex**

## Bill of Quantity (BoQ)

F/Y: 2080/81

| S.No. | Floor | Rentable Area, Sqft | Rate | | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| | | | In Figure | In word | | |
| 1 | Ground | 1193.33 | | | | |
| 2 | First | 2080.02 | | | | |
| 3 | Second | 2416.86 | | | | |
| 4 | Third | 2376.06 | | | | |
| 5 | Fourth | 2120.24 | | | | |
| 6 | Fifth | 2172.5 | | | | |
| 7 | Sixth and Seventh | 7259.14 | | | | Including Cinema Hall and Food corner |
| **Total Amount** | | | | | | |

Name of Firm/Company:
Signature:
Seal of Firm/Company: